
# सार्वजनिक विद्यालय समायोजन

## एवम् एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधी, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः-२०८१।१।२०

प्रमाणिकरण मितिः-२०८१।१।२०



शिखर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तलकोट, डोटी

CamScanner

# शिखर नगरपालिका

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी- २०८१

यस शिखर नगरपालिकाभित्रका सबै बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क गुणस्तरिय शिक्षा प्रदान गर्न प्रारम्भिक बाल विकास केन्द्रदेखि माध्यमिक तहसम्मका विद्यालयहरुलाई व्यवस्थित गरेर आवश्यकताका आधारमा एक आपसमा समायोजन गरी विद्यार्थी सँख्याको अनुपातमा शिक्षक व्यवस्थापन गरी दरवन्दी मिलान कार्यलाई समेत व्यवस्थित रुपमा अगाडी बढाई विद्यालय शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्दै शैक्षिक कार्यक्रम प्रभावकारी एवं व्यवस्थित रुपमा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिखर नगरपालिकाले यो कार्यविधी बनाई लागु गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**सँक्षिप्त नामः-**

१. सँक्षिप्त नाम र प्रारम्भः- यो कार्यविधिको नाम "शिखर नगरपालिका शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी, २०८१ रहेको छ।

२. यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

### परिच्छेद -२

**परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "ऐन" भन्नाले शिखर नगरपालिका स्थानीय शिक्षा ऐन, २०२८ संशोधित ऐन, २०७५ सहितलाई सम्झनुपर्दछ।

(ख) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ।

(ग) "कार्यविधी भन्नाले" भन्नाले शिखर नगरपालिका शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधी- २०८१ लाई सम्झनुपर्दछ।

(घ) "दरबन्दी मिलान" भन्नाले मौजुदा शिक्षक र विद्यार्थीको सँख्याको आधारमा शिक्षक विद्यार्थी अनुपात र तहगत शिक्षक दरबन्दी मिलान गरिने शिक्षक दरबन्दी व्यवस्थापन सम्झनुपर्दछ। .

(ङ) "नगरपालिका" भन्नाले शिखर नगरपालिका सम्झनुपर्दछ।

(च) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति प्राप्त भई सञ्चालनमा रहेका सामुदायिक र सँस्थागत विद्यालय समेतलाई जनाउँदछ।

(छ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक वा सँस्थागत विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी लिएको शिक्षक सम्झनुपर्दछ।

(ज) "विद्यालय व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोजिम विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि गठित समितिलाई जनाउँदछ।

(झ) "विद्यालय समायोजन" भन्नाले भौगोलिक विकटतालाई आधार मानी विद्यालय गाभ्ने, ठाउँ सार्ने, नाम परिवर्तन गर्ने, बन्द गर्ने, तह वा कक्षा बढाउने, घटाउने कार्यलाई जनाउँदछ।



CamScanner

(ञ) "नगर शिक्षक" भन्नाले शिखर नगरपालिकाबाट तलब भत्ता खान पाउने गरी नियुक्त गरिएका वा गरिने शिक्षक सम्झनुपर्दछ।

(ट) "प्रमुख" भन्नाले शिखर नगरपालिका प्रमुखललाई समेत जनाउँदछ।

(ठ) "उप प्रमुख" भन्नाले शिखर नगरपालिका उप प्रमुखलाई समेत जनाउँदछ।

(ड) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले शिखर नगरपालिका कार्यकारी प्रमुखलाई जनाउँदछ।

(ढ) "वडाध्यक्ष" भन्नाले शिखर नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्षलाई जनाउँदछ।

(ण) "शिक्षा अधिकृत" भन्नाले शिखर नगरपालिकाको शिक्षा सम्बन्धी काम गर्ने अधिकृतलाई जनाउँदछ।

(त) "कार्यपालिका" भन्नाले शिखर नगरपालिकाको नगर कार्यपालिकालाई जनाउँदछ।

(थ) "शिक्षा समिति" भन्नाले शिखर नगरपालिकाको गाउँ शिक्षा समितिलाई जनाउँदछ।

## परिच्छेद-३

## शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धी

(१) यो कार्यविधी प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका विद्यालयमध्ये एक विद्यालय र अर्को विद्यालयको नजिक दूरीमा रहेर न्युन विद्यार्थीहरुलाई शिक्षण गरिरहेका तर प्रारम्भिक विद्यालय (कक्षा १- ३), प्राथमिक विद्यालय (कक्षा १-५), आधारभूत विद्यालय (कक्षा १-८) विद्यालयका रूपमा सञ्चालन गर्नका लागि न्यूनतम आधारहरू पनि पूरा हुन नसक्ने विद्यालयलाई नजिकको विद्यालयसँग गाभी सञ्चालनमा ल्याईनेछ। तत्काल समायोजन गर्नुपर्ने देखिएमा विगतमा निम्न माध्यमिक तह (कक्षा ६-८) सञ्चालनमा रहेका र हाल आधारभूत तह (१-८) मा सञ्चालनमा रहेका तथा माध्यमिक तह (कक्षा ९-१०/९-१२) सञ्चालनमा रहेका विद्यालयहरूका लागि पनि यो व्यवस्था लागू हुनेछ।

(२) विद्यालय समायोजन वा गाँभ्ने सम्बन्धी ऐन तथा कार्यविधी र यस कार्यविधिको व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा दुविधा भएमा नगर कार्यपालिकाले निर्णय प्रक्रियामा सहजीकरण गर्नेछ।

(३) नगर कार्यपालिकाले यस बमोजिम निर्णय लिनुपूर्व शिक्षा शाखा मार्फत विद्यालयको निरीक्षण गराई विद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक स्थितिको तथ्याङ्क सहितको प्रतिवेदन पेश गर्न लगाउनेछ।

(४) नगरपालिकाबाट विद्यालय समायोजनका कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा उपलब्धीको समीक्षा गरी आगामी कार्यक्रमलाई मार्ग निर्देशन गरिनेछ।

(५) विद्यालय समायोजन र दरबन्दी मिलानका लागि आवश्यक सहयोग जुटाउन नगरपालिकाले सम्बन्धित निकायसँग समन्वय र सहकार्य अगाडी बढाउनेछ।

### ३. विद्यालय समायोजन एवं एकिकरणका आधारहरू:

(१) दुई वा दुईभन्दा बढि विद्यालयलाई गाँभी एउटा विद्यालयमा कायम गर्दा देहायको आधारमा गर्न सकिनेछः-

(क) दुई वा सो भन्दा बढि विद्यालयको परिसर एक आपसमा जोडिएको।

(ख) दुई वा सो भन्दा बढि विद्यालय बीचको पैदल दूरी ३० मिनेट्भन्दा कम रहेको।

(ग) विद्यालय आवतजावत गर्न लाग्ने समयः- विद्यालयहरु बीचको दुरी ५ किलोमिटर भन्दा कम भई आधा घण्टाभन्दा कम पैदल यात्राको समय लाग्ने वा सडक यातायातको पहुँच भई स्कुल बस प्रयोग गरी विद्यालय आउन जान एकतर्फी आधा घण्टा भन्दा कम समय लाग्ने विद्यालयहरु।

कुनै विद्यालयमा देहायको विद्यार्थी सँख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सँख्या पुग्ने पर्याप्त आधार नदेखिएमा।

| क्र.सं. | कक्षा | न्युनतम विद्यार्थी सँख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | २० जना | |
| २ | कक्षा १-३ | ४५ जना | |
| ३ | कक्षा १-५ | ७५ जना | |
| ४ | कक्षा ६-८ | ४५ जना | |
| ५ | कक्षा ९-१० | ३० जना | |
| ६ | कक्षा ११-१२ | ३० जना | |

द्रष्टव्यः- दरबन्दी मिलानमा प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिका बाहेकको गणना गरिनेछ।

(घ) नजिकमा रहेका दुई वा सो भन्दा बढि विद्यालयहरूमध्ये एउटा वा सबैमा विद्यार्थी सङ्ख्या कक्षा १-३ मा ४५ जना, कक्षा १-५ मा ७५ जना कक्षा ६- ८ मा ४५ जना, कक्षा ९-१० मा ३० जना र कक्षा ११-१२ मा ३० जना भएको तर नजिकको दुरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय गाँभ्न बाध्य पारिनेछैन।

(ङ) नजिकको दूरीमा रहेका र आपसमा गाँभीएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढि विद्यालय।

(च) जनसङ्ख्या वृद्धि दर कम भएको, जनसङ्ख्या वृद्धि घट्दो दरमा भएको र भविष्यमा पनि जनसङ्ख्या नबढ्ने खालको समुदायमा स्थापना भएका दुई वा सो भन्दा बढी विद्यालयहरू।

(छ) भौगोलिक रूपले विकटता नभएको अवस्था।

(ज) कक्षा १-३, कक्षा १-५ तथा कक्षा १-८ सम्म सञ्चालन भएका तर आधारभूत विद्यालयका रूपमा न्यूनतम आधार पूरा नभएका विद्यालयलाई नगर कार्यपालिकाले बहुकक्षा विद्यालय वा पूर्व बाल विकास केन्दको रुपमा सञ्चालन हुने विकल्प समेत छान्न सक्नेछ।

(झ) दुई वा दुईभन्दा बढि विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्नका लागि सम्बन्धित विद्यालय र सम्बन्धित वडाको सामुहिक सिफारिसबाट तोकिएको स्थानमा विद्यालय स्थापना हुनेछ।

(ञ) विद्यालय गाँभिएपछि कायम भएको विद्यालयको नाममा गाँभिने विद्यालयहरूको सबै चल अचल सम्पत्ती दा-



CamScanner

खिल खारेज गरी नयाँ कायम हुने विद्यालयको नाममा कायम गर्नका लागि गाउँ शिक्षा समितिको सिफारिसमा मालपोत कार्यालयमा पठाउनुपर्नेछ।

(ट) खण्ड (ज) बमोजिमँ सम्पत्ती दाखिला खारेज भएको व्यहोराको जानकारी अभिलेखका लागि नगरपालिकाले शिक्षा विकास तथा समन्वय ईकाइलाई दिनुपर्नेछ।

(ठ) शिक्षक दरबन्दी मिलान कार्यका लागि शिक्षा शाखाको कार्यदलको अध्ययन प्रतिवेदनको तथ्याङ्क विद्यालयहरूको वैशाख महिनाको विद्यार्थी सँख्याका आधारमा गरिनेछ।

## दरबन्दी मिलानका आधारहरु

१) गाउँ शिक्षा समितिले प्रारम्भिक बाल कक्षादेखि कक्षा ५ सम्म सञ्चालन भएका विद्यालयमा न्युनतम प्रतिकक्षा १ जना शिक्षक रहने गरी र माथिल्लो कक्षाहरुमा विषयगत शिक्षक व्यवस्थापन गर्ने कार्यलाई अगाडी बढाईनेछ। शिक्षक विद्यार्थी अनुपात कम भएका शिक्षकहरुलाई दरबन्दी कम भएका वा कुनै प्रकारको दरबन्दी नभएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलानमा देहायका आधारमा गरिनेछ।

क) दुई वा दुईभन्दा बढि विद्यालयहरु एकआपसमा गाँभीएमा ।

ख) शिक्षक विद्यार्थी अनुपात तपसिलको भन्दा कम भएमा ।

| क्र. सं. | कक्षा | न्युनतम शिक्षक सँख्या | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास केन्द्र | १ जना | |
| २ | कक्षा १- ३ सम्म | २ जना | |
| ३ | कक्षा १- ५ सम्म | ३ जना | ८० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ४ जना शिक्षक<br>१०० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ५ जना शिक्षक<br>१६० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ६ जना शिक्षक |
| ४ | कक्षा ६- ८ सम्म | २ जना | ६० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ४ जना शिक्षक<br>१०० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ४ जना शिक्षक<br>२०० वा सो भन्दा माथि विद्यार्थी सँख्या भएमा ५ जना शिक्षक |
| ५ | कक्षा ९- १० सम्म | | कक्षा ९ देखि१० सम्म चल्ने विद्यालयमा न्युनतम ४ र अधिकतम ६ जना शिक्षक |
| ६ | कक्षा ११-१२ सम्म | २ जना | कक्षा ११ देखि १२ सम्म चल्ने विद्यालयमा न्युनतम २ जना शिक्षक |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि प्राथमिक तहमा नियुक्त शिक्षकहरुलाई योग्यता र क्षमताको आधारमा माथिल्लो तहमा पनि अध्ययन अध्यापनका लागि जिम्मेवारी दिने गरी व्यवस्थापन गर्न सकिनेछ।

(३) विषयगत रूपमा विद्यालयलाई पायक पर्ने र शिक्षकलाई सम्भव भएसम्म पायक पर्ने गरी स्थानान्तरण गर्न सकिनेछ।



CamScanner

(४) कुनै विद्यालय स्वीकृत गर्न वा विद्यालयहरूको विषयगत आवश्यकताका आधारमा काटिने वा थपिने विद्यालय बाहेकका विद्यालयहरूबाट समेत शिक्षक स्थानान्तरण गर्न सकिनेछ।

४. समायोजन हुने वा गाँभिएका विद्यालयको नामाकरणः-

(क) समायोजन हुने वा गाभीने दुवै विद्यालयका विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अनुरोध भई आएमा गाभीने विद्यालयको नाम गाँभीएको विद्यालयको नामको पछाडि थप गरी नामाकरण गर्न सकिनेछ।

(ख) दुई वा दुई भन्दा बढि विद्यालयहरू आपसमा गाभीई नयाँ ठाउँमा विद्यालय स्थापना हुने भएमा राष्ट्रियता, स्थानीयता र ऐतिहासिकता झल्किने साविकको नाम वा नयाँ नाम राख्न सकिनेछ, तर शिक्षा नियमावली, २०५९ (सँशोधनसहित) को नियम १५४ को विद्यालयको नामाकरण सम्बन्धी व्यवस्था अनुसार कुनै व्यक्ति, स्मारक वा ऐतिहासिक चिजवस्तुको नामबाट विद्यालयको नाम राखिएको रहेछ भने सोही नामबाट विद्यालयको नाम राखुपर्नेछ।

(ग) समायोजन हुने वा गाभीने विद्यालयका सरोकारवाला समुदायले सम्बन्धित वडा र गाउँ शिक्षा समितिको सिफारिसमा गाभीएको विद्यालय भवनमा शिशु कक्षा, वैकल्पिक शिक्षा, सामुदायिक वाचनालय वा यस्तै अन्य सामुदायिक शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(घ) समायोजन भै सञ्चालनमा नरहेका विद्यालय भएको स्थानमा पुनः विद्यालय सञ्चालनका लागि न्यूनतम विद्यार्थी सङ्ख्या भएमा र विद्यालय आवश्यक देखिएमा विद्यालय सञ्चालन गर्न नगर कार्यपालिकाले पुनः अनुमति दिन सक्नेछ।

५. विद्यार्थी सङ्ख्याको आधारमा समायोजनः- कुनै विद्यालयमा कक्षा १-३ मा ४५ जना, कक्षा १-५मा ७५ जना, कक्षा ६-८ मा ४५ जना, कक्षा ९-१० मा ३० जना र कक्षा ११-१२ मा ३० जना विद्यार्थी सँख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी सङ्ख्या पुग्ने पर्याप्त आधार नदेखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो विद्यालय बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्नेछ।

## परिच्छेद-४

## भौतिक, शैक्षिक व्यवस्थापन र अनुदान सम्बन्धी व्यवस्था

६. विद्यालय समायोजनपछि गर्नुपर्ने भौतिक व्यवस्थापनः-

(क) विद्यालय समायोजन वा गाँभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लागि नगर कार्यपालिकामा भौतिक सुविधा बिस्तारको शिर्षकमा गएको अनुदान पहिलो प्राथमिकता क्रममा उपलब्ध गराउनुपर्नेछ।

(ख) विद्यालय समायोजन वा गाभीएपछि उक्त विद्यालयमा रहेका फर्निचर, पाठ्यसामग्री लगायतका अन्य शैक्षिक सामग्री गाभीएको विद्यालयको नाममा जिन्सी दाखिला गर्नुपर्नेछ।

(ग) विद्यालय समायोजन वा गाभीएपछि गाभीएको विद्यालयमा रहेका शैक्षिक प्रयोजनमा काम नलाग्ने पुराना शैक्षिक सामग्री र मालसामानको विवरण तयार गरी त्यस्ता मालसामानको सालाखाला न्यूनतम मुल्य कायम गरी आवश्यक कारवाहीका लागि नगरपालिकामामा पेश गर्नुपर्नेछ र नगर कार्यपालिकाले समर्थन गरेको मुल्यमा लिलाम गरी प्राप्त हुन आएको रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ।

(घ) विद्यालय समायोजन वा गाभीएपछि गाभिएको विद्यालयको आयआर्जनमा प्रयोग भएका जग्गा जमिनमा कृषि, पशुपालन, व्यवसायिक खेती गरिएको रहेछ भने त्यसको निरन्तरताको लागि गाभीएको विद्यालयले योजना सहित नगरपालिकामा पेश गर्नुपर्नेछ।

(ङ) अनुमति वा स्वीकृति रद्द गरिएको वा बन्द गरिएको विद्यालयको चल अचल सम्पत्ति गाउँ शिक्षा समितिको सिफारिसमा नजिकको विद्यालय वा गाँभीएको विद्यालयले प्रयोग गर्न पाउनेछ।

## ७. समायोजन एवम् एकिकरण भएपछि बन्ने विद्यालयको भुमिका

(क) समायोजन हुने विद्यालयले शिक्षक, अभिभावक, समाजसेवी एवम् शिक्षाप्रेमी, जनप्रतिनिधि तथा विद्यालयका बालबालिका सहितको सामुहिक भेला गरी आफ्नो विद्यालयमा समायोजन हुन आउने विद्यालयको विवरण सहित समायोजन पश्चात् विद्यालयले खेल्नुपर्ने भूमिका, भौतिक पक्षको अवस्था विश्लेषण र थप व्यवस्थापन लगायतका विषयमा छलफल गरी निर्णयमा पुग्ने,

(ख) विद्यालय समायोजनका लागि भएको निर्णय सहितको जानकारी नगरपालिकामा पेश गरी अनुमतिका लागि अनुरोध गर्ने,

(ग) समायोजन भई आएका विद्यालयहरुका शिक्षक तथा विद्यार्थीको अभिलेख सहितको विद्यालयको अभिलेख अद्यावधिक गर्ने र सो को जानकारी नगरपालिका र शिक्षा विकास तथा समन्वय ईकाईमा पेश गर्न,

(घ) विद्यालय समायोजन वा गाभिएपछि उक्त विद्यालयमा भवन, शौचालय, फर्निचर आवासीय भवन आदि निर्माण गर्न अत्यावश्यक भएमा उक्त कार्यको लगत अनुमान सहित नगर कार्यपालिका शिक्षा शाखामा निवेदन दिने,

(ङ) दरबन्दी सहित वा यस कार्यविधी बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य हाजिर गराई शिक्षा शाखामा जानकारी पठाउनुपर्नेछ।

(च) यस कार्यविधी बमोजिम विद्यालय समायोजना भएका विद्यालयको सो अनुरूप कक्षा चलाउने वा समायोजन भई जाने र दरबन्दी मिलान भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्याकको हुनेछ।

## ८. विद्यालय समायोजनपछि गर्नुपर्ने शैक्षिक व्यवस्थापन:-

(क) विद्यालय समायोजनपछि वा तह घटाईएपछि विद्यालयमा आवश्यकता भन्दा बढि भएका शिक्षकलाई नगरपालिकाको पुर्ण दरबन्दीमा राखी अर्को व्यवस्था नभएसम्मको लागि समायोजन भएकै वा आवश्यकता तथा औचित्यताका आधारमा अन्य विद्यालयमा कामकाज गर्न लगाउन सकिनेछ।

(ख) उपदफा (क) बमोजिम शिक्षक व्यवस्थापन हुन नसक्ने अवस्था रहेमा दुई वा दुई भन्दा बढि विद्यालयहरु समायोजन भएको विद्यालयको मागका आधारमा नेपाल सरकारबाट प्राप्त अनुदान समेतबाट शिक्षण व्यवस्थापन गर्न अत्यावश्यक अनुदान प्रदान गर्नेछ।

(ग) गाँभिएको विद्यालयमा आवश्यक भन्दा बढि शिक्षक सङ्ख्या रहन गएमा नजिकैको पायक पर्ने विद्यालयहरूमा आवश्यकताका आधारमा कामकाज गर्न खटाईनेछ।

(घ) विद्यालय समायोजन गर्दा बन्द भएका स्वीकृत प्राप्त विद्यालयको तहगत सङ्ख्या नगरपालिकामा पुलमा रहनेछ। त्यसरी पुलमा रहेको विद्यालय सङ्ख्यामा नबढाई नगरपालिकाभित्र नक्साङ्कनका आधारमा विद्यालय खोल्न आवश्यक देखिएमा र पुर्वाधार पुरा भएको खण्डमा नगर कार्यपालिकाले विद्यालय अनुमति दिनसक्नेछ।

(ङ) नगरपालिकाले विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालयहरूमा सरोकारवालाहरूको अन्तरक्रिया, भेला तथा जागरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(च) समायोजन पश्चात् बन्ने विद्यालयमा समायोजित भएका विद्यालयबाट सरुवा भई आउने शिक्षक र उक्त विद्यालयमा कार्यरत शिक्षकहरुको कुल सँख्या शिक्षक विद्यार्थी अनुपातको तुलनामा न्यून हुन आएमा शिक्षक विद्यार्थी अनुपात बढि भएको विद्यालयबाट शिक्षक विद्यार्थी अनुपात तथा विषयगत शिक्षकको उपलब्धताको आधारमा सरुवा गरी घटिबढि हुन आउने शिक्षकको व्यवस्थापन गरिनेछ।

(छ) गाँभीन जाने विद्यालयमा कार्यरत प्रारम्भिक बाल विकास तर्फका सहजकर्ता प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन हुँदासम्म सोही केन्द्रमा कार्यरत रहनेछन्। तर उक्त विद्यालयमा बालविकास केन्द्र सञ्चालन नभएको अवस्थामा सहयोगी कार्यकर्तालाई गाभिएर जाने विद्यालयमा सरुवा गरिनेछ। गाभिएको विद्यालयमा प्रारम्भिक बालविकास तर्फका सहयोगी कार्यकर्ता आवश्यक नभएमा स्वतः हटाईनेछ।

## परिच्छेद -५

## विविध

**९. समायोजन भएपछि बन्ने विद्यालयको व्यवस्थापनः-**

(१) दुई वा सोभन्दा बढि विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा गाभीन गएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समितिले नै निरन्तर रुपमा कार्य गर्नेछ। समायोजनकै कारण समायोजन पश्चात नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुनेछैन।

(२) दुई वा दुईभन्दा बढि विद्यालयहरु समायोजन भई एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजनपछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तर रुपमा बहन गर्नेछ।
तर विद्यालयको तह वा स्तर वृद्धि हुने गरी विद्यालय समायोजन भएको अवस्थामा विद्यमान प्रधानाध्यापक शिक्षा ऐन तथा नियमावली र स्थानीय तहको शिक्षा ऐन तथा नियमावली वा कार्यदिश अनुसारको योग्यता र अनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानुन बमोजिम नयाँ प्रधानाध्यापक छनौट गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ।

**१०. सामाजिक परीक्षणः-**

(१) समायोजन भएको विद्यालयले प्राप्त गरेको अनुदान रकमको उपयोग र सो बाट प्राप्त प्रतिफल तथा समायोजन पछि देखिएको विद्यालयको समग्र व्यवस्थापनको अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सामाजिक परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ।

**११. शिक्षक व्यवस्थापनः-** यस नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयन र विकासका लागि आवश्यकता अनुसार दुरगामी असर नपर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नगर



CamScanner

११. **शिक्षक व्यवस्थापन**:- यस नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयन र विकासका लागि आवश्यकता अनुसार दुरगामी असर नपर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई नगर कार्यपालिकाले एक अर्को विद्यालयमा व्यवस्थापन गर्न सक्नेछ। यस सम्बन्धी निर्णय गर्दा संघीय एवम् प्रादेशिक ऐन, कानुन, संघीय नीति तथा नियम प्रतिकूल हुने गरी शिक्षक तथा कर्मचारीको व्यवस्थापन गरिनेछैन।

१२. **कार्यविधीमा सँशोधन**:- नगर कार्यपालिकाले यस कार्यविधीमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१३. **बाँझिएमा गर्ने**:- यस कार्यविधीमा व्यवस्था गरिएका व्यवस्था संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐन तथा नियमावलीसँग बाझिएमा उक्त ऐन तथा नियमावलीको व्यवस्था बमोजिम नै हुनेछ।

१४. **यसले नसमेटेको पक्ष**:- यस कार्यविधीमा नसमेटिएका व्यवस्थाको कार्यान्वयन प्रचलित शिक्षा ऐन,२०२८(सँशोधन समेत) तथा शिक्षा नियमावली २०५९(संशोधन समेत) लाई टेकेर बनाईएको कार्यविधी अनुसार नै हुनेछ।

१५. **विविधः**- यो कार्यविधी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ज. को देहाय (१२) बमोजिमको अधिकारभित्र पर्दछ।

१६. **व्याख्याः**- यस कार्यविधीमा भएका व्यवस्थाको व्याख्या नगर कार्यपालिकाबाट हुनेछ र नगर कार्यपालिकाबाट भएको व्याख्या नै अन्तिम हुनेछ।

आज्ञाले ,
हरिश्चन्द्र शाह
नि.प्रमुख प्रशासकिय अधिकृत